आज मिति २०७५ साल अषाढ ३० गतेका दिन यस गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह के.सी. ज्यू को अध्यक्षतामा **" गेरुवा गाउँपालिकाको समृद्धिको आधार, कृषि, पर्यटन र पूर्वाधार "** भन्ने मुल नाराका साथ गेरुवा गाउँपालिकाको तेस्रो गाउँसभाको तेस्रो दिन गाउँसभाको बैठक बसी देहायका निर्णयहरु पारित गरियो ।

## उपस्थिती

| | |
|---|---|
| श्री जमान सिंह के.सी. | सभाअध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | सदस्य |
| श्री भिम बहादुर खत्री | '' |
| श्री दयाराम वैद्य थार | '' |
| श्री आलोक कुमार थारु | '' |
| श्री पुनाराम थारु | '' |
| श्री बल बहादुर चलाउने | '' |
| श्री धर्म प्रकाश थारु | '' |
| श्री टेक बहादुर चौधरी | '' |
| श्री धनदेवी वन | '' |
| श्री गीता लोहार | '' |
| श्री लिलाराम थारु | '' |
| श्री मान बहादुर थारु | '' |
| श्री राजु बडुवाल खत्री | '' |
| श्री हरिराम थारु | '' |
| श्री दुर्जन थारु | '' |
| श्री अमृता वि.क. | '' |
| श्री लक्षिण बहादुर नेपाली | '' |

गेरुवा गाउँपालिका

| | |
|---|---|
| श्री करम बहादुर थारु | '' |
| श्री श्रीराम थारु | '' |
| श्री झुपि धिताल | '' |
| श्री दिल्ली दमाई | '' |
| श्री मोविला शर्मा पौडेल | '' |
| श्री हुकुम बहादुर चलाउने | '' |
| श्री जयवेला भेरीकार | '' |
| श्री मायाराम खनाल | '' |
| श्री चन्द्ररुपा कामी | '' |
| श्री शान्ती चौधरी | '' |
| श्री विरेन्द्र बहादुर शाह | '' |
| श्री नवराज भट्टराई | '' |
| श्री बम बहादुर वि.क. | '' |
| श्री अमित कुमार खड्का | '' |
| श्री कल्पना थारु | '' |
| श्री पूर्ण बहादुर सुनार | '' |
| श्री राईकोषा कमेनी | '' |

**प्रस्तावहरुः**

१. आ.व. २०७५।७६ को नीति तथा कार्यक्रम स्वीकृति गर्ने सम्बन्धमा
२. आर्थिक विधेयक २०७५ स्वीकृति गर्ने सम्बन्धमा
३. विनियोजन विधेयक २०७५ र बजेट स्वीकृति गर्ने सम्बन्धमा
४. आ.व. २०७४।७५ मा बसेका ३० वटै बोर्ड बैठकबाट भएका निर्णयहरु समर्थन गर्ने सम्बन्धमा।
५. गेरुवा गाउँपालिकाको लोगो, पोशाक, परिचयपत्र निर्माण गर्ने स्वीकृति सम्बन्धमा
६. गिट्टी, बालुवा प्रशोधन केन्द्र स्थापना गर्ने सहमति सम्बन्धमा।
७. दरबन्दी सर्भेक्षण तथा सेवा सुविधा सम्बन्धी प्रस्ताव स्वीकृति गर्ने सम्बन्धमा
८. कर्मचारी कल्याण कोष स्थापना र शहवीर थारुको तलब मिनाहा तथा सुविधा भुक्तानी स्वीकृती सम्बन्धमा।
९. कर्णाली प्रदेशमा समाहित प्रस्ताव तथा समर्थन गर्ने स्वीकृति सम्बन्धमा
१०. गेरुवा गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने सम्बन्धमा
११. सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुको अभिलेखीकरण तथा सम्पती संरक्षण सम्बन्धमा
१२. गैरसरकारी संस्थाहरु संग सहकार्य तथा परिचालन गर्ने स्वीकृति सम्बन्धमा
१३. थप सुविधा रकम उपलब्ध गराउने सम्बन्धमा।
१४. कर्मचारीहरुलाई दिइएको प्रोत्साहन भत्ता समर्थन गर्ने सम्बन्धमा।
१५. जनप्रतिनिधिहरुको पारिश्रमिक सुविधा सम्बन्धमा।

**निर्णयहरुः**

**१. आ.व. २०७५।७६ को नीति तथा कार्यक्रम स्वीकृति गर्ने सम्बन्धमा**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको तेस्रो गाउँसभामा प्रस्तुत आ.व. २०७५।७६ को नीति तथा कार्यक्रम स्वीकृति गर्ने निर्णय गरियो।

**२. आर्थिक विधेयक २०७५ स्वीकृति गर्ने सम्बन्धमा**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको तेस्रो गाउँसभामा प्रस्तुत आर्थिक विधेयक २०७५ स्वीकृत गर्ने निर्णय गरियो।

**३. विनियोजन विधेयक २०७५ र बजेट स्वीकृति गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको तेस्रो गाउँसभामा प्रस्तुत विनियोजन विधेयक २०७५ र आ.व. २०७५।७६ को बार्षिक बजेट स्वीकृत गर्ने निर्णय गरियो।

**४. आ.व. २०७४।७५ मा बसेका ३० वटै बोर्ड बैठकबाट भएका निर्णयहरु समर्थन गर्ने सम्बन्धमा।**

गेरुवा गाउँपालिका

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७४।७५ मा बसेका ३० वटै बोर्ड बैठकबाट भएका निर्णयहरु र उक्त निर्णयहरु बमोजिम सम्पादन भएका कार्यहरु समर्थन गरि अनुमोदन गर्ने निर्णय गरियो ।

**५. गेरुवा गाउँपालिकाको लोगो, पोशाक, परिचयपत्र निर्माण गर्ने स्वीकृति सम्बन्धमा**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गेरुवा गाउँ कार्यपालिका बाट लोगो, पोशाक, परिचयपत्र निर्माण गरि प्रयोग गर्न पाउने गरि गेरुवा गाउँ कार्यपालिका लाई स्वीकृती दिने निर्णय गरियो ।

**६. गिट्टी, बालुवा प्रशोधन केन्द्र स्थापना गर्ने सहमति सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गेरुवा गाउँपालिका क्षेत्रमा गिट्टी, बालुवा प्रशोधन केन्द्र स्थापना गरी संचालन गर्न पाउने गरि गाउँ कार्यपालिकाले अनुमति दिन सक्ने गरि स्वीकृत दिन सक्ने गरि अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**७. दरबन्दी सर्भेक्षण तथा सेवा सुविधा सम्बन्धी प्रस्ताव स्वीकृति गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको लागि दरबन्दी सर्भेक्षण कार्य तथा सेवा सुविधा अध्ययन प्रतिवेदन संघीय सरकारको नीति, निर्देशन र ऐन, नियमको आधारमा टोली गठन गरी पेश गर्न लगाई कार्यान्वयन गर्न गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**८. कर्मचारी कल्याण कोष स्थापना र शहवीर थारुको तलब मिनाहा तथा सुविधा भुक्तानी स्वीकृती सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गेरुवा गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको कल्याणको लागि व्यवस्था भएको कर्मचारी कल्याणकारी कोषमा रहेको रकम रु. १,५८,०००।- अप्रयाप्त भएकोले सो रकममा रु. १०,००,०००।- ( दश लाख) थप गरी सो बाट अवकाश प्राप्त कर्मचारीहरु लाई सुविधा उपलब्ध गराउने र साविक पाताभार गा.वि.स. मा कार्यरत स्थायी सेवामा रहेका कार्यालय सहयोगी शहवीर थारुले ५८ वर्ष उमेर पुगे पश्चात समेत लगातार १ बर्ष सम्म साविक बमोजिम नै कार्यरत रही तलब भत्ता समेत भुक्तानी लिएको हुँदा उक्त तलब भत्ता खर्च रकम मिनाहाको लागि समर्थन गर्ने र निजलाई समेत नियमानुसार पाउने कल्याणकारी कोष रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

**९. कर्णाली प्रदेशमा समाहित प्रस्ताव तथा समर्थन गर्ने स्वीकृति सम्बन्धमा**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बाँके र बर्दिया जिल्ला लाई कर्णाली प्रदेशमा समाहित हुन अनुकुल हुने भएकोले गेरुवा गाउँपालिका समेत समाहित हुन प्रस्ताव गर्ने र समर्थनमा स्वीकृती दिनको लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**१०. गेरुवा गाउँपालिकालाई पूर्ण शाक्षरता घोषणा गर्ने सम्बन्धमा**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस आ.व. २०७५।७६ मा गेरुवा गाउँपालिका लाई पूर्ण साक्षर गाउँपालिका घोषण गर्ने कार्यकम संचालन गर्न गाउँ कार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो ।

गेरुवा गाउँपालिका

११. **सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुको अभिलेखीकरण तथा सम्पती संरक्षण सम्बन्धमा**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिका भित्र रहेका सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुको नाममा रहेका सार्वजनिक सम्पतीहरुको संरक्षण र जिम्मेवारी स्थानीय सरकारले लिनुपर्ने भएकोले सम्पूर्ण सरकारी सम्पतीको अभिलेख तयार गरी संरक्षण गर्न र असल छिमेकी नेपाल नामक संस्थाको नाममा रहेको गेरुवा गाउँपालिका वडा नं. २ स्थित सिंहबाहीनीमा रहेको जग्गा र सो मा निर्मित भवन लगायतका सम्पतीहरु र गेरुवा गाउँपालिका वडा नं. ५ स्थित बन्जरीयामा रहेको सामुदायिक स्वास्थ्य केन्द्रले प्रयोग गरेको जग्गा र सो जग्गामा रहेको भवन लगायतका सामानहरुको अभिलेख तयार गरी गेरुवा गाउँपालिकाले ग्रहण गरि संरक्षण गर्न निर्देशन दिने निर्णय गरियो ।

१२. **गैरसरकारी संस्थाहरु संग सहकार्य तथा परिचालन गर्ने स्वीकृति सम्बन्धमा**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकामा सुचिकृत भई नियमानुसार स्वीकृति प्राप्त गैरसरकारी संस्थाहरु संग सहकार्य तथा परिचालन गर्न गाउँ कार्यपालिका लाई स्वीकृत दिने निर्णय गरियो ।

१३. **थप सुविधा रकम उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गदा गेरुवा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु र गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत स्वीकृत दरवन्दी भित्रका स्थायी कर्मचारीहरु ( विषयगत शाखा बाहेक) लाई खाईपाई आएको माशिक तलवको २० प्रतिशत ले हुने रकम प्रोत्साहन स्वरुप माशिक रुपमा थप सुविधा रकम उपलब्ध गराउने निर्णय गरियो ।

१४. **कर्मचारीहरुलाई दिइएको प्रोत्साहन भत्ता समर्थन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको स्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई आ.व. २०७४।७५ मा दिइएको प्रोत्साहन भत्ता समर्थन गर्ने निर्णय गरियो ।

१५. **जनप्रतिनिधिहरुको पारिश्रमिक सुविधा सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा जनप्रतिनिधिहरुलाई प्रदेश नं. ५ सरकारबाट निर्धारित पारिश्रमिक सुविधामा समिक्षा गर्दा गाउँ कार्यपालिका सदस्य र वडा सदस्यहरुको पारिश्रमिक सुविधामा भिन्नता भएकोले समानता कायम गर्न प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो । साथै गाउँपालिका तफबार्ट वडा सदस्यहरुलाई जनही प्रति महिना रु. १०००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।